# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) रासी उपत्यका (देउखुरी), नेपाल जेठ १८ गते, २०८३ साल (अतिरिक्ताङ्क २

## भाग १

## लुम्बिनी प्रदेश सरकार

## प्रदेश प्रमुखको कार्यालयको

## सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको ऐन नं. ०२

# प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः लुम्बिनी प्रदेशमा जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा छर्कने व्यवसायलाई नियमन गरी मानव, जीवजन्तु, वनस्पति र वातावरणमा पर्ने प्रतिकूल प्रभाव न्यूनीकरण तथा नियन्त्रणको लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"इजाजतपत्र"** भन्नाले दफा ३ बमोजिमको इजाजतपत्र सम्झनुपर्छ।

(ख) **"इजाजतपत्रवाला"** भन्नाले इजाजतपत्र प्राप्त गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनुपर्छ।

(ग) **"एकाइ"** भन्नाले दफा १२ बमोजिमको प्रदेश जीवनाशक विषादी व्यवस्थापन एकाइ सम्झनुपर्छ।

(घ) **"कार्यालय"** भन्नाले जिल्लास्थित कृषि विषय हेर्ने कार्यालय सम्झनुपर्छ।

(ङ) **"केन्द्र"** भन्नाले सङ्घीय ऐन बमोजिम स्थापित प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र सम्झनुपर्छ।

(च) **"जीवनाशक विषादी"** भन्नाले बोट बिरुवा, कृषिजन्य पदार्थ र वन तथा वन पैदावार, जीवजन्तु, पशुपन्छी, जनस्वास्थ्य, भण्डारण, प्याकेजिङ र निर्माण कार्यमा हानी पुऱ्याउने रोग, सुलसुले, निमाटोड, झारपात, मुसा, ढुसी, व्याक्टेरिया, भाइरस, माकुरा, जुका, शङ्खेकिरा लगायतका हानिकारक जीवबाट बचाउन प्रयोग गरिने प्राङ्गारिक, वानस्पतिक, जैविक तथा रासायनिक वस्तु सम्झनुपर्छ र सो शब्दले देहायका वस्तुलाई समेत जनाउँछः-

(१) हानिकारक जीवको शिकार गरेर, परभक्षी वा परजीवी बनेर, रोग लगाएर त्यस्ता जीव वृद्धि कम गराउने तथा त्यस्ता जीवहरूलाई आकर्षण वा विकर्षण गर्ने वस्तु (फेरोमोन्स, एट्र्याक्टयान्ट, रिपेलेन्ट, डिटरेन्ट) पदार्थ,

(२) हानिकारक जीवको नियमित वृद्धि र प्रजनन कार्यमा असर पार्ने वस्तु (इन्सेक्ट ग्रोथ रेगुलेटर, इन्हिविटर) पदार्थ,

(३) हानिकारक वनस्पतिको वृद्धि नियन्त्रण गर्ने वस्तु (प्लान्ट ग्रोथ इन्हिविटर) पदार्थ,

(४) पात पतिङ्गर झार्ने वस्तु (डिफोलियन्ट) पदार्थ,

(५) फलफूल पतल्याउने वस्तु (थिनिङ्ग एजेन्ट) पदार्थ,

(६) समय नपुग्दै फल तथा फूल झर्ने लगायतका समस्याको नियन्त्रण गर्न प्रयोग हुने वस्तु पदार्थ,

(७) झारनाशक (हर्बिसाइड) विषादी,

(८) इन्टोमोप्याथोजेनिक व्याक्टेरिया, ढुसी, भाइरस र निमाटोड,

(९) कृषि बाली तथा कृषिजन्य पदार्थ उत्पादनसँग सम्बन्धित प्रयोगशालामा निसङ्क्रमण गर्न प्रयोग गरिने वस्तु (डिसइन्फेक्टेन्ट) पदार्थ,

(१०) ओसिलोपन कम गर्ने तथा सुकाउने वस्तु (डेसिकेन्ट) पदार्थ।

(छ) **"निरीक्षक"** भन्नाले दफा १६ बमोजिम नियुक्त जीवनाशक विषादी निरीक्षक सम्झनुपर्छ।

(ज) **"निर्देशनालय"** भन्नाले लुम्बिनी प्रदेशको कृषि विकास निर्देशनालय सम्झनुपर्छ।

(झ) **"प्रमुख"** भन्नाले दफा १२ बमोजिम जीवनाशक विषादी व्यवस्थापन एकाइको प्रमुख सम्झनुपर्छ।

(ञ) **"प्रयोगशाला"** भन्नाले दफा १४ बमोजिमको बाली संरक्षण प्रयोगशाला सम्झनुपर्छ।

(ट) **"बिक्री वितरण व्यवसाय"** भन्नाले पञ्जीकृत वा पुनः पञ्जीकृत जीवनाशक विषादी बिक्री गर्न दफा ३ बमोजिम इजाजत प्राप्त गरी थोक तथा खुद्रा बिक्री गर्ने व्यवसाय सम्झनुपर्छ।

(ठ) **"मन्त्रालय"** भन्नाले लुम्बिनी प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ड) **"व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय"** भन्नाले कुनै व्यक्तिगत वा आवासीय प्रयोग बाहेक सःशुल्क व्यवसाय गर्ने उद्देश्य राखी कृषि उत्पादन, वन, जनस्वास्थ्य र पूर्वाधार संरचनामा हानिनोक्सानी पुऱ्याउने शत्रुजीवको रोकथाम तथा नियन्त्रणका लागि पञ्जीकृत वा पुनः पञ्जीकृत विषादी दफा ३ बमोजिम इजाजत प्राप्त जीवनाशक विषादी प्रयोग तथा छर्कने सम्बन्धी व्यवसाय सम्झनुपर्छ।

(ढ) **"सङ्घीय ऐन"** भन्नाले जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ सम्झनुपर्छ।

(ण) **"संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम विषादी सम्बन्धी कारोबार गर्न दर्ता भएको फर्म, कम्पनी वा संस्था सम्झनुपर्छ।

(त) **"समिति"** भन्नाले दफा ९ बमोजिमको प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति सम्झनुपर्छ।

**परिच्छेद-२**

## इजाजतपत्र सम्बन्धी व्यवस्था

३. **बिक्री वितरण र व्यावसायिक प्रयोग तथा छर्कने व्यवसायको इजाजतपत्र लिनुपर्नेः** (१) सङ्घीय कानुन बमोजिम पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको खुद्रा बिक्री वितरण, भण्डारण र व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय गर्न चाहने व्यक्ति, संस्था वा निकायले समितिको स्वीकृति पश्चात एकाइबाट इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायले अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको दस्तुर सहित कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनलाई कार्यालयले आवश्यक जाँचबुझ गरी सिफारिस सहित एकाइमा पठाउनु पर्नेछ।

(४) प्रमुखले कार्यालयबाट प्राप्त सिफारिस सहितको निवेदन अध्ययन गरी स्वीकृतिको लागि योग्य भएको वा नभएको कारण सहित प्रदेश समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

(५) इजाजतपत्र दिन उपयुक्त देखिएका व्यक्ति, संस्था वा निकायलाई समितिको निर्णय अनुसार अनुसूची-३ र अनुसूची-४ बमोजिमको ढाँचामा प्रमुखले अभिलेख राखी इजाजतपत्र दिनेछ।

तर कुनै कारणले इजाजतपत्र दिन सक्ने अवस्था नदेखिएमा इजाजतपत्र दिन नसक्नुको आधार र कारण खोली

निवेदकलाई समितिको निर्णय भएको पन्ध्र दिनभित्र लिखित जानकारी दिनु पर्नेछ।

(६) जीवनाशक विषादी सम्बन्धी कारोबार गर्ने व्यक्ति, संस्था वा निकायले इजाजतपत्रमा उल्लेख भएका र समितिले तोकेका अन्य सर्त पालना गर्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम प्रदान गरिने इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ।

(८) उपदफा (५) बमोजिम इजाजतपत्र प्राप्त गर्ने व्यक्ति वा संस्था वा निकायले इजाजतपत्रमा तोकिएको कारोबार (बिक्री) स्थलमा सबैले देख्ने गरी अनिवार्य रूपमा राख्नु पर्नेछ।

४. **बिक्री वितरण र व्यावसायिक प्रयोग तथा छर्कने व्यवसायको इजाजतपत्रका लागि योग्यता:** (१) यस ऐन बमोजिम जीवनाशक विषादीको बिक्री वितरण र व्यावसायिक प्रयोग तथा छर्कने व्यवसायको इजाजतपत्र प्राप्त गर्न चाहने व्यक्ति, संस्था वा निकायले देहाय बमोजिमको योग्यता पुरा गरेको हुनु पर्नेछः-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १०+२ वा सो सरह उत्तीर्ण गरेको वा कृषि वा पशुपन्छी विषय लिई टि.एस्.एल्.सी. वा जे.टि.ए. उत्तीर्ण गरेको ।

(ख) नेपाली नागरिक,

(ग) अठार वर्ष उमेर पुरा भएको,

(घ) खुद्रा विषादी बिक्रेता सम्बन्धी विषादीको सुरक्षित प्रयोग, भण्डारण, बिक्री वितरण र व्यावसायिक

प्रयोग तथा छर्कने व्यवसाय सम्बन्धी तालिम लिई सो सम्बन्धी परीक्षामा उत्तीर्ण भएको,

(ङ) कृषि विषयमा डिप्लोमा, स्नातक तह वा सोभन्दा माथिको योग्यता भएको आवेदक व्यक्तिलाई खण्ड (ग) मा तोकिएको अवधिको तालिम नलिएको भएतापनि इजाजतपत्र सम्बन्धी परीक्षामा सहभागी गराउन सकिनेछ।

तर सो परीक्षामा सहभागिताका लागि सूचना आह्वान गर्नुपर्नेछ।

(२) इजाजतपत्र लिन चाहने संस्था वा निकायको हकमा उपदफा (१) बमोजिम तोकिएको योग्यता र तालिम पछिको परीक्षा उत्तीर्ण गरेको कम्तीमा एक जना जनशक्ति रहेको हुनुपर्नेछ।

(३) जीवनाशक विषादी बिक्रेता वा व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय गर्ने व्यक्ति, संस्था वा निकायले विषादीको सुरक्षित तवरले भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ। विषादीको "सुरक्षित प्रयोग, भण्डारण र बिक्री वितरण" र "व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय" अलग अलग कार्य भएकाले व्यक्ति, संस्था वा निकायले दुई मध्ये कुनै एक वा दुबै कार्यका लागि ईजाजतपत्र लिन सक्नेछन्।

(४) जीवनाशक विषादीको व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय गर्ने व्यक्ति वा संस्था वा निकायसँग विषादी प्रयोग तथा छर्कने व्यवसायसँग सम्बन्धित तोकिए बमोजिमको सुरक्षा सामग्री, मेसिनरी तथा औजार भएको हुनु पर्नेछ।

५. **इजाजतपत्र नविकरण गर्नुपर्ने:** (१) दफा ३ को उपदफा (७) मा तोकिएको अवधि समाप्त हुनुभन्दा पैंतालिस दिन अगावै सम्बन्धित इजाजतपत्रवालाले नविकरणका लागि तोकिएको कागजात र अनुसूची-२ बमोजिमको नविकरण दस्तुर तिरेको सक्कल रसिद सहितको निवेदन दिनुपर्ने र कार्यालयले सिफारिस गरी एकाइमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) को व्यवस्था अनुसार कुनै कारणवश नविकरण गराउन नसकेको इजाजतपत्रवालाले उपदफा (१) मा तोकिएको अवधिको म्याद समाप्त भएको मितिले पैंतालिस दिनभित्र इजाजतपत्र नविकरण गर्न आएमा तोकिएको कागजात र अनुसूची-२ मा नविकरणका लागि तोकिएको रकमको दोब्बर दस्तुर तिरेको सक्कल रसिद सहितको निवेदन दिनुपर्ने र कार्यालयले सिफारिस गरी एकाइमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त निवेदन उपर विषादी निरीक्षकसँग जाँचबुझ गराई प्रमुखले पन्ध्र दिनभित्र इजाजतपत्र नविकरण गर्नु पर्नेछ।

(४) यो ऐन जारी हुनु भन्दा अगाडि सङ्घीय ऐन बमोजिम इजाजतपत्र प्राप्त गरी तोकिएको समयभित्र नविकरण हुन नसकेका तर प्रचलित कानुन र यस ऐन बमोजिम अन्य कुनै कारणले अयोग्य नठहरिएका व्यक्ति, संस्था र निकायको हकमा साठी दिनको सूचना प्रवाह गरी तोकिएका कागजात र अनुसूची-२ मा नविकरणका लागि तोकिएको रकमको दोब्बर दस्तुर तिरेको सक्कल रसिद सहित प्रमुख समक्ष निवेदन पेस गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम इजाजतपत्र नविकरणका लागि प्राप्त निवेदन विषादी निरीक्षकबाट जाँचबुझ गराई समितिको स्वीकृति लिई एक पटकको लागि प्रमुखले इजाजतपत्र नविकरण गर्न सक्नेछ।

(६) उपदफा (१), (२) र (५) बमोजिम नविकरण गरिएको इजाजतपत्रको समयावधि तीन वर्षको हुनेछ।

६. **इजाजतपत्र खारेज गर्न सकिनेः** (१) समितिले देहाय बमोजिमको अवस्थामा इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) दफा ५ बमोजिम नविकरण नभएमा,

(ख) इजाजतपत्रवालाको मृत्यु भएमा,

तर मृत्यु हुने व्यक्तिको हकवाला यस ऐन तथा प्रचलित कानुन बमोजिम योग्य रहेको योग्यताको प्रमाणपत्र पेस गरेमा त्यस्तो हकवालाको नाममा इजाजतपत्र नामसारी गर्न सकिने,

(ग) इजाजतपत्र प्राप्त गर्दाको समयमा पेस गरेको योग्यता सम्बन्धी प्रमाणपत्र झुठा ठहरिएमा,

(घ) इजाजतपत्र प्राप्त संस्था वा निकाय खारेज भएमा,

(ङ) इजाजतपत्र प्राप्त गर्दा तोकिएका सर्तको पूर्ण रूपमा पालना नगरेमा,

(च) प्रदेश समिति वा एकाइ वा निरीक्षकले तीन पटकसम्म लिखित चेतावनी दिँदा पनि कार्यान्वयन नगरेमा,

(छ) समितिको पूर्व स्वीकृति बिना नै स्थान परिवर्तन गरी व्यवसाय सञ्चालन गरेमा।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नुपूर्व सम्बन्धित इजाजतपत्रवालालाई इजाजतपत्र खारेज गर्न नपर्ने कुनै मनासिव कारण भएमा पेस गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र खारेज हुनु पर्ने कुनै मनासिव कारण देखिए प्रमुखको सिफारिसमा समितिबाट आवश्यक निर्णय गरी सोको जानकारी सम्बन्धित इजाजतपत्रवालालाई दिनु पर्नेछ।

(४) इजाजतपत्र खारेजी सम्बन्धी प्रक्रिया प्रारम्भ भई उपदफा (३) बमोजिमको निर्णय नभएसम्म उक्त इजाजतपत्र स्वतः निलम्बन भएको मानिनेछ।

(५) उपदफा (४) बमोजिम निलम्बनमा रहेको अवस्थामा इजाजतपत्रवालाले व्यावसायिक कारोबार, बिक्री वितरण र छर्कने व्यवसाय गर्न पाउने छैन।

७. **इजाजतपत्रको प्रतिलिपि लिनेः** (१) इजाजतपत्रवालाले इजाजतपत्र हराएमा वा कुनै किसिमले नष्ट भई त्यसको प्रतिलिपि लिन चाहेमा आवश्यक व्यहोरा खुलाई इजाजतपत्रको प्रतिलिपि लिनको लागि देहाय बमोजिमको कागजात र अनुसूची-२ बमोजिमको दस्तुर सहित कार्यालय मार्फत प्रमुख समक्ष निवेदन दिनु पर्नेछः-

(क) नागरिकताको प्रमाणपत्र,

(ख) इजाजतपत्रको फोटोकपि वा इजाजतपत्र नं. र जारी मिति,

(ग) व्यवसाय दर्ता प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्र,

(घ) तालिमको प्रमाणपत्र।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रमुखले आवश्यक जाँचबुझ र नविकरण भए नभएको यकिन गरी अभिलेख राखी इजाजतपत्रको प्रतिलिपि दिन सक्नेछ।

८. <u>तालिम तथा परीक्षाः</u> (१) ऐनको दफा ३ को उपदफा (१)बमोजिम इजाजतपत्रका लागि निवेदन दिने व्यक्ति, संस्था वा निकायलाई समितिले इजाजतपत्र प्रदान गर्नुअघि जीवनाशक विषादीको प्राविधिक तथा कानुन सम्बन्धी आवश्यक तालिम कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र वा समितिले तोकेको अन्य निकायबाट सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको तालिमको विषयवस्तु वा पाठ्यक्रम तथा तालिम अवधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) ऐनको दफा ३ को उपदफा (५)बमोजिम इजाजतपत्र प्राप्त गरेका व्यक्ति, संस्था तथा निकायका लागि समितिको परामर्श लिई एकाइ वा प्रयोगशाला वा निर्देशनालय वा कार्यालयले पुनर्ताजगी तालिम, अभिमुखीकरण, जनचेतना, गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-३

## जीवनाशक विषादी व्यवस्थापन समिति

९. **जीवनाशक विषादी व्यवस्थापन समितिः** (१) जीवनाशक विषादीको आवश्यक व्यवस्थापनका सम्बन्धमा आवश्यक नीति बनाउने लगायतका कार्यमा प्रदेश सरकारलाई आवश्यक राय सुझाव तथा परामर्श उपलब्ध गराउन प्रदेशमा देहाय बमोजिमको एक जीवनाशक विषादी व्यवस्थापन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) महानिर्देशक, कृषि विकास निर्देशनालय -सदस्य

(ग) उपसचिव वा अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानुन मन्त्रालय वा सम्बन्धित मन्त्रालयको कानुन अधिकृत -सदस्य

(घ) प्रमुख वा अधिकृत प्रतिनिधि, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको जनस्वास्थ्य हेर्ने महाशाखा -सदस्य

(ङ) प्रमुख, बाली संरक्षण प्रयोगशाला -सदस्य

(च) जीवनाशक विषादी व्यवसायीहरू मध्येबाट मन्त्रालयबाट मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(छ) व्यवसायिक कृषकहरू मध्येबाट मन्त्रालयबाट मनोनीत एक जना -सदस्य

महिला सहित तीन जना (फरक-फरक भूगोल र बालीवस्तु उत्पादक मध्येबाट)

(ज) प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका मनोनीत सदस्यको पदावधि दुई वर्ष हुनेछ।

तर यस दफा बमोजिम मनोनीत भएको सदस्य पुनः एक पटक मनोनीत गर्न बाधा पर्ने छैन।

(३) समितिले आवश्यकता अनुसार पशुपन्छी तथा मत्स्य विकास, कृषि अनुसन्धान, वन तथा वातावरणसँग सम्बन्धित विज्ञ वा सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) को खण्ड (च) र (छ) बमोजिम मनोनीत वा आमन्त्रित सदस्यलाई बैठक बसेको दिनको बैठक भत्ता वा अधिकृत सातौं तहको अधिकृतले पाए सरह दैनिक तथा भ्रमण खर्च उपलब्ध गराउन सकिनेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम मनोनीत कुनै सदस्यले समितिको हित विपरीत कार्य गरेमा पदावधि पुरा नहुँदै मन्त्रालयले हटाउन सक्नेछ।

तर यसरी हटाउनु पूर्व निजलाई सफाइ पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम कुनै सदस्य पदमुक्त भएमा सो पदमा जुन प्रक्रियाबाट मनोनयन गरिएको हो सोही बमोजिम सदस्य मनोनयन गर्न सकिनेछ।

तर मनोनयन हुने पदको अवधि कम्तीमा छ महिना कायम भएको हुनु पर्नेछ।

१०. **समितिको बैठकः** (१) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक र आवश्यकता अनुसार बस्नेछ।

(२) अध्यक्षको निर्देशनानुसार सदस्य-सचिवले समितिको बैठक बस्नुभन्दा दुई दिन अगावै मिति, समय, स्थान र कार्यसूची निर्धारण गरी समितिका सबै सदस्यलाई सूचना दिनु पर्नेछ।

तर अत्यावश्यक निर्णय गर्नुपरेमा चौबिस घण्टा अगावै सूचना दिई बैठक बस्न सकिनेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) समितिको बैठकको निर्णय अध्यक्ष र सदस्य-सचिवबाट प्रमाणित हुनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

११. **समितिको काम, कर्तव्य र अधिकार:** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादी सम्बन्धी प्रादेशिक नीति तथा आचार संहिता तर्जुमाको लागि प्रदेश सरकारलाई राय, सुझाव र परामर्श दिने,

(ख) जीवनाशक विषादीको प्रयोग, भण्डारण, व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(ग) जीवनाशक विषादी बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग र छर्कने व्यवसाय सञ्चालनका लागि इजाजतपत्र दिने र खारेज गर्ने सम्बन्धी निर्णय गर्ने,

(घ) जीवनाशक विषादीको बिक्री वितरण, सुरक्षित भण्डारण तथा व्यावसायिक प्रयोग र विषादी छर्कने व्यवसाय सञ्चालन सम्बन्धी तालिमको पाठ्यक्रम तथा तालिम अवधि तोक्ने,

(ङ) जीवनाशक विषादी निरीक्षक नियुक्ति तथा क्षेत्र तोक्न सिफारिस गर्ने,

(च) कुनै निश्चित क्षेत्र वा स्थानमा कुनै जीवनाशक विषादी प्रतिबन्ध गर्न परेमा सङ्घीय जीवनाशक विषादी व्यवस्थापन समिति समक्ष मन्त्रालय मार्फत सिफारिस गर्ने,

(छ) समितिले जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय नियमन गर्ने सन्दर्भमा स्थलगत अनुगमन, परामर्श, सल्लाह सुझाव तथा सचेत गराउन सक्नेछ।

(ज) प्रदेशमा भएका जीवनाशक विषादी सम्बन्धी काम कारबाहीको अनुगमन गरी मन्त्रालय र सङ्घीय कानुन बमोजिमको जीवनाशक विषादी व्यवस्थापन समितिमा पेस गर्ने।

(२) समितिले आफ्नो काम, कर्तव्य र अधिकार आवश्यकता अनुसार एकाइ प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद-४

## विषादी व्यवस्थापन सम्बन्धी व्यवस्था

१२. **जीवनाशक विषादी व्यवस्थापन एकाइः** (१) जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य गर्नका लागि मन्त्रालयले मन्त्रालयको महाशाखा वा निर्देशनालय वा कुनै निकायलाई तोक्न सक्नेछ।

(२) मन्त्रालयले मौजुदा जनशक्ती मध्येबाट प्रदेश कृषि सेवा, बाली संरक्षण समूहमा कार्यरत अधिकृतस्तर नवौं वा दशौं तहको कर्मचारीलाई एकाइ प्रमुखको पदमा काम गर्ने गरी तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको एकाइमा थप जनशक्ति आवश्यक भएमा समितिको सिफारिसमा प्रदेश सरकारले व्यवस्था गर्नेछ।

१३. **जीवनाशक विषादी व्यवस्थापन एकाइको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त एकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको सचिवालयको रूपमा रही आवश्यक कार्य गर्ने,

(ख) निरीक्षकले दफा (१७), खण्ड (ञ) अनुसार कारबाहीका लागि सिफारिस गरेको अवस्थामा आवश्यक अध्ययन गरी कारबाही गर्ने। यदि सङ्घीय कानुन बमोजिम कारबाही अघि बढाउन पर्ने देखिएमा सम्बन्धित निकायलाई सिफारिस गर्ने। एकाइले यसरी कारबाही गरेमा वा कारबाहीका लागि सिफारिस गरेमा सो को जानकारी समिति र कार्यालयलाई समेत दिनु पर्नेछ,

(ग) जीवनाशक विषादी प्रयोगको लागि आवश्यक जनशक्तिको क्षमता तथा पूर्वाधार विकास सम्बन्धी योजना समितिमा पेस गर्ने,

(घ) जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा विषादी छर्कने व्यवसाय

सञ्चालन सम्बन्धी तालिमको पाठ्यक्रम तयारीमा समितिलाई आवश्यक प्राविधिक सहयोग गर्ने,

(ङ) इजाजतपत्र सम्बन्धी प्रक्रिया र कार्यविधि तथा मापदण्ड निर्धारणको लागि समितिलाई प्राविधिक सहयोग गर्ने,

(च) जीवनाशक विषादी सम्बन्धी आचारसंहिता तथा मापदण्ड कार्यान्वयन गर्ने गराउने,

(छ) विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा विषादी छर्कने व्यवसायको इजाजतपत्र दिने, नविकरण, अनुगमन तथा नियमन सम्बन्धी कार्य समितिले निर्णय गरे अनुसार गर्ने गराउने,

(ज) विषादीजन्य दुर्घटना, विषादी दुरुपयोगको कारणबाट भएको वा हुन सक्ने क्षतिको आकलन, क्षतिको अभिलेख, सम्भाव्य क्षतिको न्यूनिकरण र नियन्त्रणका लागि कार्ययोजना तयार गरी वार्षिक रूपमा समिति समक्ष पेस गर्ने,

(झ) जीवनाशक विषादी व्यवस्थापनसँग सम्बन्धित आवश्यक विवरण अद्यावधिक गर्ने,

(ञ) निरीक्षकको कामको अनुगमन, निर्देशन तथा पृष्ठपोषण गर्ने,

(ट) एकाइ तथा विषादी व्यवस्थापन सम्बन्धमा कार्यालयले गरेका कार्यको वार्षिक प्रतिवेदन समिति समक्ष पेस गर्ने।

१४. **प्रयोगशालाः** (१) बाली संरक्षणसँग सम्बन्धित प्रयोगशाला सेवा र जीवनाशक विषादी व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग मन्त्रालय मातहत रहेको बाली संरक्षण प्रयोगशालाबाट गरिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशालामा आवश्यक जनशक्तिको व्यवस्था मन्त्रालयले गर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रयोगशालाले जीवनाशक विषादी अवशेष परीक्षण एकाइ समेतको कार्य गर्नेछ।

१५. **प्रयोगशालाको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादीको अवशेष जाँच गर्ने गराउने,

(ख) बोटबिरुवामा देखिने रोगवस्तुको नमुना सङ्कलन, परीक्षण तथा पहिचान गर्ने गराउने,

(ग) जैविक विषादी उत्पादन, अध्ययन परीक्षण तथा प्रवर्द्धन गर्ने,

(घ) जीवनाशक विषादीको असर र वैकल्पिक उपायबारे अनुसन्धानात्मक कार्य गर्ने गराउने,

(ङ) जीवनाशक विषादीको सुरक्षित प्रयोग सम्बन्धी तीन दिन वा सोभन्दा कम अवधिका तालिम तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(च) जैविक तथा वानस्पतिक विषादी उत्पादन गर्ने गराउने,

(छ) रोगकिरा सम्बन्धी महामारी नियन्त्रण तथा व्यवस्थापनका कार्य गर्ने गराउने,

(ज) प्रदेशको पेष्ट म्याप तयार गर्ने,

(झ) मन्त्रालयले तोके अनुसार अन्य कार्यहरु।

१६. <u>निरीक्षक तोक्न सक्ने:</u> (१) मन्त्रालयले समितिको सिफारिसमा आवश्यकता अनुसार कम्तीमा कृषि विज्ञानमा स्नातक तह उत्तीर्ण गरेको प्रदेश कृषि सेवाको बाली संरक्षण समूहमा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई जीवनाशक विषादीको प्रयोग तथा व्यवस्थापन सम्बन्धी कार्यको निरीक्षण गर्ने जिम्मेवार अधिकारीको रूपमा जीवनाशक विषादी निरीक्षक तोक्न सक्नेछ।

तर उपदफा (१) बमोजिम योग्यता पुगेका स्थानीय तहमा कार्यरत कर्मचारीलाई विषादी निरीक्षक तोक्न बाधा पर्नेछैन।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम निरीक्षक तोक्दा पत्रमा कार्यक्षेत्र समेत तोकी दिनु पर्नेछ।

(३) एकाइले विषादी निरीक्षकलाई प्राविधिक तथा कानुनी विषयको आवश्यक तालिमको व्यवस्था गर्नेछ।

१७. <u>निरीक्षकको काम, कर्तव्य र अधिकार:</u> (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निरीक्षकका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रचलित कानुन अनुसार निर्धारित मापदण्ड बमोजिम जीवनाशक विषादीको भण्डारण, बिक्री वितरण, व्यावसायिक प्रयोग गरे नगरेको आवधिक

वा आकस्मिक रूपमा निरीक्षण गरी एकाइ समक्ष प्रतिवेदन पेस गर्ने र यसको जानकारी सम्बन्धित कार्यालयलाई समेत जानकारी दिने,

(ख) कुनै व्यक्ति, संस्था वा निकायमा रहेका जीवनाशक विषादीसँग सम्बन्धित प्रमाणपत्र, इजाजतपत्र, अभिलेख लगायतका कागजात तथा प्रमाणको अध्ययन तथा विश्लेषण गर्ने,

(ग) जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग र छर्कने व्यावसाय लगायतको आवधिक वा आकस्मिक रूपमा स्थलगत निरीक्षण गरी एकाइमा प्रतिवेदन पेस गर्ने र सो को जानकारी सम्बन्धित कार्यालयलाई समेत दिने,

(घ) तोकिए बमोजिमको प्रक्रिया अपनाई जीवनाशक विषादी तथा बालीको नमुना सङ्कलन र विश्लेषण गर्ने गराउने,

(ङ) अनुगमनको क्रममा सूचीकृत नभएको वा म्याद नाघेको जीवनाशक विषादी भेटिएमा त्यस्तो विषादीको बिक्री वितरण रोक्का राख्ने वा वितरण कक्षमा सिलबन्दी गर्ने,

(च) खण्ड (क), (ख) र (ङ) बमोजिम अनुसन्धान गर्दा प्रचलित कानुनको उल्लङ्घन भएको पाइएमा त्यस्तो कार्यमा प्रयोग भएको उपकरण, जीवनाशक विषादी, अभिलेख, कागजपत्र वा अन्य सम्बन्धित सामग्री जफत गरी सम्बन्धित

उल्लङ्घनकर्तालाई प्रदेशमा विषादी भण्डारण गृह निर्माण भई सञ्चालन नहुन्जेल स्थानीय तहको जनप्रतिनिधि र दुईजना स्थानीय व्यक्तिको रोहवरमा बिक्रेताको जीवनाशक विषादीको कारोबार (बिक्री) स्थल/ भण्डार सिल गरी जफतको भरपाई दिने,

(छ) खण्ड (च) बमोजिम जफत गर्दा रोहबर बस्न कुनै व्यक्ति नमानेको अवस्थामा नजिकको प्रहरीको रोहवरमा आवश्यक कुरा खुलाई बिक्रेताको विषादीको कारोबार (बिक्री) स्थल/भण्डार सिल गरी जफतको भरपाई दिने,

(ज) खण्ड (च) र (छ) अनुसार जफत गरिएका जीवनाशक विषादीहरुको सुरक्षित तवरले भण्डारण गर्ने व्यवस्था मिलाउने,

तर प्रदेशमा विषादी भण्डारण गृह निर्माण भई सञ्चालन नहुन्जेल यसरी जफत गरिएका जीवनाशक विषादीहरु भण्डारणको व्यवस्था सम्बन्धित विषादी बिक्रेताले गर्नु पर्ने,

(झ) निरीक्षकले यस दफा बमोजिम भण्डार सिल गरी जफतको कारबाही चलाउँदा समितिको अध्यक्ष वा प्रमुखलाई तत्काल छिटो माध्यम (फोन वा म्यासेज वा इमेल) बाट जानकारी गराउने,

(ञ) खण्ड (क), (ख) र (ङ) अनुसार अनुसन्धान गर्दा ऐनको दफा (२२) अनुसारका कसुर ठहरिने कार्य

गरेको देखिएमा दफा (२३) बमोजिम कारवाही गर्ने वा इकाइ समक्ष सिफारिस गर्ने। अनुसन्धान क्रममा सङ्घीय कानुन आकर्षित हुने कसुर गरेको देखिएमा कारबाहीका लागि प्रतिवेदन सहित एकाईमा सिफारिस गर्ने,

(ट) इजाजतपत्र निलम्बन भएका व्यक्ति, संस्था वा निकायको विषादी सम्बन्धी व्यवसाय सञ्चालनमा रोक लगाउने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद- ५

## जीवनाशक विषादीको प्रयोग, भण्डारण र बिक्री वितरण

१८. **जीवनाशक विषादीको प्रयोग गर्न हुने:** (१) जीवनाशक विषादीको बिक्री वितरण गर्ने व्यक्ति, संस्था वा निकायले जीवनाशक विषादीको प्रयोग र विसर्जन गर्दा लगाइने तोकिए बमोजिमको सुरक्षित पहिरन समेत बिक्रीको लागि राख्नु पर्नेछ।

(२) जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण वा बिक्री वितरण तथा ओसार-पसार गर्दा आवश्यक सुरक्षात्मक उपाय अपनाउनु पर्नेछ।

(३) जुन उद्देश्यको लागि जीवनाशक विषादीको पञ्जीकरण गरिएको हो सोही प्रयोजनका लागि मात्र जीवनाशक विषादीको प्रयोग गर्नु पर्नेछ।

(४) जीवनाशक विषादीको व्यवसायिक प्रयोग तथा छर्कने व्यावसायिले विषादी प्रयोग गरेपछि उक्त स्थानमा प्रयोग

भएको विषादीको विवरण खुलाई सचेतना सम्बन्धी सङ्केत टाँस गर्नु पर्नेछ।

(५) रातो वा पहेँलो लेबलका जीवनाशक विषादीको बिक्री वितरण गर्दा अनिवार्य रूपमा क्रेताको अभिलेख राखी सोको प्रयोगबारे लिखित पर्चा सहित जानकारी दिनु पर्नेछ।

(६) विषादी बिक्रेताले जीवनाशक विषादीको बिक्री विवरण अभिलेख अनिवार्य रुपमा राख्नुपर्नेछ र सोको वार्षिक प्रतिवेदन कार्यालयमा पेस गर्नु पर्नेछ।

१९. **जीवनाशक विषादीको प्रयोग गर्न नहुने:** (१) कसैले जीवनाशक विषादीको जथाभावी प्रयोग गर्न तथा त्यस्तो विषादीको अवशेष तोकिएको हद भन्दा बढी मात्रा हुने गरी कृषि उपज उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन।

(२) नेपाल सरकारले मानव तथा जीवजन्तुको स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पार्ने प्रतिबन्धित भनी तोकेका जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण र बिक्री वितरण गर्नु हुँदैन।

(३) जीवनाशक विषादी बिक्रेता र व्यावसायिक प्रयोग तथा छर्कने व्यावसायीले भेटेरिनरी औषधी र खाद्य पदार्थको भण्डारण र बिक्री एकै स्थानबाट गर्नुहुँदैन।

(४) गर्भवती महिला, बालबालिका, मादक पदार्थ सेवन गरेका व्यक्ति तथा मानसिक स्वास्थ्य ठीक नभएका अन्य गम्भीर रोगीहरूलाई जीवनाशक विषादी बिक्री वितरण तथा प्रयोगमा संलग्न गराउनु हुँदैन।

(५) जीवनाशक विषादी प्रयोगकर्ताले कृषि उपज उत्पादन पश्चात उक्त विषादीको पर्खने अवधि भन्दा अगावै कृषि उपज भित्र्याउने, उपभोग तथा बिक्री वितरण गर्नु गराउनु हुँदैन।

(६) मानिसको भिडभाड हुने मेला, महोत्सव, हाटबजार जस्ता स्थानमा जीवनाशक विषादी बिक्री वितरण गर्नु हुँदैन।

(७) प्राङ्गारिक (जैविक) बाहेकका जीवनाशक विषादी प्रवर्द्धनका लागि सार्वजनिक सञ्चार माध्यम प्रयोग गर्नु हुँदैन।

(८) दफा ३ को उपदफा (५) बमोजिम प्राप्त इजाजतपत्रमा उल्लिखित ठेगाना परिवर्तन गरेको जानकारी इजाजतपत्र प्राप्त गर्ने व्यवसायीले एकाइमार्फत समितिलाई गराउनु पर्नेछ।

२०. <u>घरेलु विषादी, वनस्पतिजन्य र जैविक विषादीको उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्नु पर्ने:</u> (१) मन्त्रालयले बाली, बिरुवा, संरचना र भण्डारणमा लाग्ने विभिन्न रोग वा किराको व्यवस्थापन गर्नमा प्रयोग हुने वनस्पतिजन्य र जैविक विषादी उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्नु पर्नेछ।

(२) घरेलु विषादी, वनस्पतिजन्य र जैविक विषादीको उत्पादन, संश्लेषण तथा प्रयोग सङ्घीय कानुन बमोजिम हुनेछ।

२१. <u>अयोग्य जीवनाशक विषादीको व्यवस्थापन:</u> (१) कुनै व्यक्ति, संस्था, निकाय, व्यवसायी वा उद्यमीले जीवनाशक विषादी सम्बन्धी कारोबार गर्दा म्याद समाप्त भएका, प्रतिबन्धित, टुटेफुटेका वा चुहिएका जीवनाशक विषादी सम्बन्धित विषादी

कम्पनी, उद्योग, व्यक्ति, संस्था वा निकायले सङ्घीय कानुन बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

(२) जीवनाशक विषादीको भण्डारण सङ्घीय कानुन बमोजिम हुनेछ।

स्पष्टीकरणः "जीवनाशक विषादी भण्डारण" भन्नाले विषादी बिक्रेता र विषादीको व्यावसायिक प्रयोग तथा छर्कने व्यवसायीले गर्ने व्यवसाय बाहेक प्रदेश सरकार वा निजी संस्थाले सःशुल्क म्याद गुज्रेका पञ्जीकृत वा पुनः पञ्जीकृत विषादीहरु सम्बन्धित विषादी कम्पनी, उद्योग तथा व्यक्तिले आयातकर्ता मार्फत फिर्ता गर्ने प्रक्रियामा तत्काल अस्थायी रुपमा सुरक्षित तवरले गर्ने भण्डारण सम्झनुपर्छ।

## परिच्छेद-६

## कसुर, जरिबाना र क्षतिपूर्ति सम्बन्धमा

२२. कसुर गरेको मानिनेः कसैले देहाय बमोजिमका कुनै कार्य गरे वा गराएमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछः-

(क) दफा ३ विपरीत इजाजतपत्र नलिई जीवनाशक विषादी सम्बन्धी कारोबार गरेमा,

(ख) दफा १८ को उपदफा (२) र उपदफा (३) विपरीत कार्य गरेमा,

(ग) दफा १९ को उपदफा (१) विपरीत जीवनाशक विषादीको अवशेष तोकिएको हद भन्दा बढी मात्रा हुने गरी कृषि उपज उत्पादन तथा बिक्री वितरण गरेमा,

(घ) दफा १९ को उपदफा (३) जीवनाशक विषादी, भेटेरिनरी औषधी र खाद्य पदार्थको भण्डारण र बिक्री एकै स्थानबाट गरे गराएमा,

(ङ) दफा १९ को उपदफा (६) विपरीत बिक्री वितरण गरेमा र दफा (१९) को उपदफा (७) विपरीतको माध्यमबाट प्रचार प्रसार गरेमा,

(च) लेबल नभएको, म्याद गुज्रेको जीवनाशक विषादीको प्रयोग वा कारोबार गरेमा,

(छ) जीवनाशक विषादी निरीक्षणमा अवरोध पुर्‍याउने कार्य गरेमा,

(ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा मापदण्ड विपरीत हुने गरी अन्य कुनै काम गरे, गराएमा।

२३. जरिबानाः दफा २२ मा उल्लिखित विभिन्न खण्ड बमोजिमको कसुर कसैले गरेमा देहाय बमोजिम सजाय हुनेछ।

(क) खण्ड (क) बमोजिमको कुनै कसुर गरेमा पचास हजार देखि एक लाख रुपैयाँसम्म,

(ख) खण्ड (ख) देखि (ङ) बमोजिमको कुनै कसुर गरेमा पाँच हजार देखि बीस हजार रुपैयाँसम्म,

(ग) खण्ड (च) बमोजिमको कुनै कसुर गरेमा पचास हजार देखि एक लाख रुपैयाँसम्म,

(घ) खण्ड (छ) बमोजिमको कुनै कसुर गरेमा पटकै पिच्छे दश हजार देखि बीस हजार रुपैयाँसम्म,

(ङ) खण्ड (ज) बमोजिमको कुनै कसुर गरेमा पाँच हजार देखि बीस हजार रुपैयाँसम्म।

२४. **जरिबानाको कार्यविधिः** (१) कसैले दफा २२ बमोजिमको कसुर गरे गराएमा निरीक्षकले त्यस्तो कसुरको छानबिन गरी प्रतिवेदन तत्काल प्रमुख समक्ष पेस गर्नु पर्नेछ र सोको जानकारी कार्यालयमा समेत दिनु पर्नेछ।

(२) दफा २२ को खण्ड (छ) बमोजिमको कसुरको हकमा प्रमुखलाई जानकारी गराई निरीक्षकले जरिबाना गर्न सक्नेछ।

(३) दफा २२ को खण्ड (छ) बाहेकको कसुरको हकमा निरीक्षकले जाँचबुझ गरी कारबाहीका लागि प्रमुख समक्ष सिफारिस सहितको प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन उपर प्रमुखले पन्ध्र दिनभित्र निर्णय गरी सोको जानकारी समिति समक्ष पेस गर्नु पर्नेछ।

२५. **क्षतिपूर्ति भराई दिनु पर्नेः** कसैले जीवनाशक विषादी बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा छर्कने क्रममा कुनै दुर्घटना वा क्षति भएमा सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले पीडितलाई सङ्घीय कानुन बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

२६. **पुनरावेदन गर्न सक्नेः** (१) दफा ६ बमोजिम इजाजतपत्र खारेजी, दफा २३ बमोजिमको जरिबाना उपर चित्त नबुझ्ने पक्षले पन्ध्र दिनभित्र मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त पुनरावेदन उपर सचिवले एक्काइस दिनभित्र निर्णय गरिसक्नु पर्नेछ र सो निर्णय अन्तिम हुनेछ।

## परिच्छेद- ७

## विविध

२७. **अनुगमन गर्नु पर्ने:** (१) जीवनाशक विषादी सम्बन्धी काम कारबाहीको नियमित अनुगमनकार्यको जिम्मेवारी निरीक्षक, एकाइ र प्रयोगशालाको हुनेछ।

(२) निरीक्षकले आफ्नो कार्यक्षेत्रको अनुगमन गरी कार्यालय र प्रमुख समक्ष अनुगमन प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) जीवनाशक विषादी सम्बन्धी काम कारबाहीको अनुगमन आवश्यकता अनुसार समिति, मन्त्रालय, निर्देशनालय, एकाइ र कार्यालयले गर्न सक्नेछ।

(४) यस दफा बमोजिम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी अनुगमन गर्न सक्नेछ।

२८. **विवरण तथा फाइल हस्तान्तरण:** यो ऐन लागू हुनुभन्दा अघि प्रचलित सङ्घीय कानुन बमोजिम इजाजतपत्र जारी भई समितिलाई हस्तान्तरण भएका जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई दिइएको इजाजतपत्र सहितको आवश्यक कागजातको आधारमा यस ऐन बमोजिम दर्ता तथा नविकरण गर्नु पर्नेछ।

२९. **सहयोग गर्नुपर्ने:** (१) निरीक्षकले आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा सुरक्षा लगायत कुनै सहयोग आवश्यक भएमा सम्बन्धित स्थानीय प्रशासनसँग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षकले सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

३०. **प्रदेश सञ्चित कोषमा राजश्व जम्मा गर्ने:** यस ऐन बमोजिम तोकिएको दस्तुर तथा जरिबाना लुम्बिनी प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गरिनेछ।

३१. **नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

३२. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने:** प्रदेश सरकारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

३३. **अनुसूची हेरफेर:** (१) समितिको सिफारिसमा प्रदेश सरकारले अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको हेरफेरको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

३४. **प्रचलित कानुन बमोजिम हुने:** यो ऐन बमोजिम भएका काम यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

## अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## इजाजतपत्र लिनको लागि दिइने निवेदनको ढाँचा

श्रीमान् प्रमुखज्यू,

..........................................

विषयः खुद्रा विषादी बिक्रेता/विषादी छर्कने व्यवसाय इजाजतपत्र सम्बन्धमा।

प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८३ को दफा ३ बमोजिम जीवनाशक विषादी खुद्रा बिक्रेता/विषादी छर्कने व्यवसाय सञ्चालनका लागि इजाजतपत्र प्रदान गरिदिनुहुन आवश्यक कागजात तथा विवरण सहित निवेदन पेस गरेको छु/छौं।

| |
|---|
| इजाजतपत्र माग गर्ने व्यक्ति/ संस्था/ निकायको नामः |
| ठेगानाः |
| प्रोप्राइटरको नाम र पदः |
| नागरिकता/राष्ट्रिय परिचयपत्र नं. जारी भएको जिल्लाः |
| सम्पर्क नं. |
| इमेलः |
| प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८३ को दफा ४ बमोजिमको योग्यता तालिम प्राप्त व्यक्तिको नाम र ठेगानाः<br>नागरिकता/राष्ट्रिय परिचयपत्र नं.<br>जारी जिल्लाः<br>योग्यताः |
| तालिम प्रमाणपत्र नं.- |

| संस्था वा निकायको छापः | निवेदक<br>हस्ताक्षरः<br>नामथरः<br>सम्पर्क नं.<br>मितिः |
| --- | --- |

आवश्यक कागजातः

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. व्यवसाय दर्ताको प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

३. न्यूनतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,

४. तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि।

## अनुसूची-२

(दफा ३ को उपदफा (२), दफा ५ को उपदफा (१), (२) र (४) तथा दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**इजाजतपत्र प्राप्ति, नविकरण, प्रतिलिपि तथा जरिबाना शुल्क सम्बन्धी व्यवस्था**

| क्र.सं. | इजाजतपत्रको प्रकार | इजाजतपत्र शुल्क रु. | नविकरण दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जीवनाशक विषादी बिक्रेता इजाजतपत्र | ५००० | ३००० | |
| २ | जीवनाशक विषादी व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय ईजाजत पत्र | ३००० | २००० | |
| ३ | क्र.सं. १ र २ दुवै बमोजिमको संयुक्त इजाजतपत्र | ६००० | ४००० | |
| ४ | प्रतिलिपिका लागि | १००० | | |

अनुसूची-३
(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

| | |
|---|---|
| लुम्बिनी प्रदेश सरकार<br>कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय<br>प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति | Lumbini Province Government<br>Ministry of Agriculture, Land Management and Cooperative<br>PROVINCE PESTICIDE MANAGEMENT COMMITTEE |

**विषादी खुद्रा विक्रेता इजाजत–पत्र**
**(PESTICIDE RETAILER LICENSE)**

श्री..............................................................(फर्मको नाम) ......................................(स्थानीय तह, वडा नं, गाउँ र जिल्ला) अवस्थित विषादी गोदाम तथा बिक्री कक्ष प्रदेश जीवनाशक विषादी व्यवस्थापन समितिको मापदण्ड अनुरूप पाइएकोले उल्लिखित सर्त अन्तर्गत खुद्रा विषादी बिक्री तथा भण्डारण गर्न यो इजाजतपत्र प्रदान गरिएको छ।

विषादी सुरक्षित भण्डारण तथा बिक्री सम्बन्धि प्रमाणपत्र र परिचयपत्र प्राप्त देहायका व्यक्ति, संस्था वा निकाय तर्फबाट विषादी व्यवस्थापन र बिक्री सेवामा संलग्न रहनेछन्ः-

नामः..................................................(देवनागरी र अङ्ग्रेजीमा)

प्रमाणपत्र नं.ः ..................

नामः..................................................(देवनागरी र अङ्ग्रेजीमा)

प्रमाणपत्र नं.ः..................

नामः.......................................................(देवनागरी र अङ्ग्रेजीमा)

प्रमाणपत्र नं.ः ..................

इजाजतपत्र नं.:
जारी मितिः
म्याद सकिने मितिः
स्थायी लेखा नम्बरः

License No.:
Date of Issue:
Date of Expiry:
PAN No.:

................

प्रमुख

सर्तहरूः

१. यो इजाजतपत्र मिति ..................................... सम्म वा विषादी व्यवस्थापन समितिबाट अर्को व्यवस्था नभए सम्मका लागि बहाल रहनेछ।

२. यो इजाजतपत्र स्वीकृत गोदाम वा बिक्री कक्षमा राख्नु पर्नेछ र प्रचलित कानुन बमोजिम नियुक्त निरीक्षक वा अधिकारीले खोजेमा उपलब्ध गराउनु पर्नेछ।

३. तालिम प्राप्त वा दक्ष कर्मचारीको परिवर्तन भएमा अर्को तालिम प्राप्त व्यक्ति नियुक्त गरी सोको जानकारी जिल्ला स्थित कृषि हेर्ने कार्यालय मार्फत समितिलाई दिनुपर्नेछ।

४. यो इजाजतपत्र मान्यताको अवधि समाप्त हुने मिति भन्दा पैंतालिस दिन अगाडि देखि अवधि समाप्त हुने दिनसम्म नविकरण दस्तुर सहित र इजाजतपत्रको मान्यता अवधि समाप्त मिति देखि पैंतालिस दिनसम्म दोब्बर दस्तुर सहित दरखास्त दिई नविकरण गराउनु पर्नेछ। नविकरण नगरिएमा इजाजतपत्र स्वतः बदर हुनेछ।

५. वार्षिक विषादी कारोबार (परिमाण) को विवरण जिल्लास्थित कार्यालय मार्फत एकाइमा पेस गर्नुपर्नेछ।

| नविकरण मिति | म्याद सकिने मिति | नविकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची -४

(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

| | |
|---|---|
| लुम्बिनी प्रदेश सरकार<br>कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय<br>प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति | Lumbini Province Government<br>Ministry of Agriculture, Land Management and Cooperative<br>PROVINCE PESTICIDE MANAGEMENT COMMITTEE |

**विषादी छर्कने व्यवसायीको इजाजत-पत्र**

**(PROFESSIONAL PESTICIDE APPLICATION LICENSE)**

श्री..................................(फर्मको नाम)................................ (स्थानीय तह, वडा नं, गाउँ र जिल्ला)लाई प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन बमोजिम देहायको सर्तहरू पालना गर्ने गरी विषादीको व्यावसायिक प्रयोग तथा छर्कने व्यवसायीको लागि यो इजाजतपत्र प्रदान गरिएको छ।

नामः..................................................(देवनागरी र अङ्ग्रेजीमा)

प्रमाणपत्र नं.: .............................

| | |
|---|---|
| इजाजतपत्र नं.:<br>जारी मितिः<br>म्याद सकिने मितिः<br>स्थायी लेखा नम्बरः | License No.:<br>Date of Issue:<br>Date of Expiry:<br>PAN No.: |

................

प्रमुख

**सर्तहरूः**

१. यो इजाजतपत्र मिति.................... सम्म वा विषादी व्यवस्थापन समितिबाट अर्को व्यवस्था नभएसम्मका लागि बहाल रहनेछ।

२. यो इजाजतपत्र स्वीकृत भवन वा फर्ममा राख्नु पर्नेछ र प्रचलित कानुनबमोजिम नियुक्त निरीक्षक वा अधिकारीले खोजेमा उपलब्ध गराउनु पर्नेछ।

३. तालिम प्राप्त वा दक्ष कर्मचारीको परिवर्तन भएमा अर्को तालिम प्राप्त व्यक्ति नियुक्त गरी सोको जानकारी समितिलाई दिनुपर्नेछ।

४. यो इजाजतपत्र मान्यताको अवधि समाप्त हुने मितिभन्दा पैंतालिस दिन अगाडि देखि समाप्त हुने दिनसम्म नविकरण दस्तुर सहित र इजाजतपत्रको मान्यता अवधि समाप्त हुने मिति देखि पैंतालिस दिनसम्म दोब्बर दस्तुर सहित दरखास्त दिई नविकरण गराउनु पर्नेछ। नविकरण नगरिएमा इजाजतपत्र स्वतः बदर हुनेछ।

५. वार्षिक विषादी प्रयोग (परिमाण)को विवरण जिल्लास्थित कार्यालय मार्फत एकाइमा पेस गर्नुपर्नेछ।

| नविकरण मिति | म्याद सकिने मिति | नविकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,

सुशीला अर्याल
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित।
मूल्य रु. २५।-